कथा

एउटा यस्तो दुर्नियति

- निमेष निखिल

☐ पर्यावरणमा खासै त्यस्तो नवीनता छैन । बिहान घाम लाग्छ, दिनभरि प्रचण्ड गर्मी हुन्छ र रातमा उही सधैँको पीडा- लामखुट्टे आतङ्क । कथा लेख्ने नाममा मलाई यस्ता झिनामसिना गफले पृष्ठ भर्न मन लाग्दैन ।

☐ धेरै दिन भयो मैले कथा लेख्न खोजेको । कथानकको खोजी, चरित्रको खोजी, पर्यावरणको खोजी । लाग्छ- सबै कुरा लेखिइसके । सायद कुनै सम्भावित विषय बाँकी छैन कथा लेख्नका लागि ।

☐ पात्र खोज्छु- रामप्रसाद, हरिप्रसाद, कृष्णप्रसाद आदि तथा उनीहरूका दिनचर्याप्रसङ्ग, अथवा हर्के, बिर्खे, घुरन, रजिन्दर, ठूली, सुन्तली भाउजू, बरहथवावाली, आदिआदि र यी समस्त पात्रहरूका शोषक/पीडक जिमदार बा, डिट्ठा बा, चौधरी वा ठाकुरसा'प/ जिमदारसा'पहरूको कथा... ... ... ।

☐ अहँ ! यस्ता कथा लेख्न मन लागेको छैन मलाई यसपालि । किनकिन अलिक नौलो कथा लेख्ने धुन सवार छ ममा । यस्तो कथा, जुन वास्तवमा कथा नभएर एउटा यथार्थ नै होस् । हरेक पाठकहरूले यसलाई आफ्नै कथा ठानून् । र म एकजना पात्र छान्दैछु । आफ्नै पर्यावरणको पात्र । पात्र, अर्थात् ऊ ।

☐ पात्र अर्थात् ऊ गाउँ र सहरबीचको खिचडी सभ्यतामा हुर्केको प्राणी हो, जो हाल लक्का जवान छ । सामान्य जागिर खान्छ (यथार्थमा चाहिँ जागिरले नै उसलाई खाइरहेको छ) । स्नातक गर्दैछ (तर पढाइको त्यति रहर छैन उसलाई, किनकि उसले बुझिसकेको छ- पढेरै मात्र पनि केही लछारपाटो लाग्नेवाला छैन) पैसा कमाएर खान्छ, पढ्छ र घर पनि पठाउँछ । आफ्नो कामप्रति इमानदार छ, उत्तरदायी छ । नचाहिँदो बोल्दैन, मिलनसार छ, अम्मलको नाममा सुर्ती खान्छ । बेलाबेलामा मरिहत्ते गरेर काम गर्दा पनि दुई छाक खान र एकसरो लाउनसमेत गाह्रोसाह्रो परेपछिचाहिँ ऊ साह्रै विरक्तिन्छ र विरक्तिएपछि उसले गर्ने काम एउटा मात्रै छ- कविता लेख्नु

..... पैँयु फुल्ने आसमा
यसैगरी घस्रँदोरहेछ जीवन पनि
जाडोमा भूमिगत लामखुट्टेहरू
मान्छे-रगतको स्वाद-स्मृतिमै बाँचिदिन्छन् ।

☐ उसले प्रेम गरेको छ । प्रम गर्नु भनेको 'प्रेम गर्नु' बाहेक पाप वा पुण्य के हो भनेर विश्लेषण गर्नेतिर लाग्दैन ऊ । ऊ के भन्छ भने उसले जानाजान वा अन्जानमा आफ्नो जातीय हैसियतभन्दा तल्लो (हुनत ऊ जातपात मान्दैन तैपनि भन्नेहरू यसो भन्छन्) र आर्थिक सामाजिक हैसियतभन्दा माथिल्लोस्तरकी केटीसँग प्रेम गरेको छ ।

☐ यदाकदा ऊ आफ्नै प्रेमप्रति शङ्कालु आँखा पनि उठाउँछ । ऊ प्रगतिशील मान्यता राख्ने भए तापनि उसको प्रगतिशीलताले बुढ्यौलीको सँघारमा टुसुक्क बसेर आसलाग्दा आँखा आफूतिर केन्द्रित गराउने बाआमालाई दुखी बनाउने हिम्मत गर्दैन । त्यसकारण उसको प्रेममय जीवन अहोरात्र द्वन्द्वमय बन्दै गएको छ ।

☐ उसको यो द्वन्द्वमय जीवन कति हदसम्म नकारात्मक छ या सकारात्मक छ, त्यसको त कुनै मापक छैन तर एउटा सकारात्कमताको आविर्भावचाहिँ भएकै छ यो द्वन्द्वपूर्ण अवस्थाको आरोहअवरोहबाट । र त्यो हो कवितालेखन-

..... प्रेम यदि योजनाबद्ध हुँदो हो त
यो नदीमाथिको पुल हुन्थ्यो

प्रेम साँच्चै सोचिविचारी गरिँदो हो त
मबाट कहाँ त्यस्तो भूल हुन्थ्यो !

☐ ऊसँग अभाव छ, अपूरा इच्छाहरू छन्, अस्तव्यस्त जीवन छ, यस्ता कुराको यथेष्ट प्रमाण भन्नु नै कविका रुपमा उसको परिचय स्थापित हुनु हो । ऊ भविष्यप्रति चिन्तित हुनुको हदसम्म चिन्तित छ । ऊ जीवनलाई हाइड्रोजनभन्दा पनि हल्का रुपमा लिनसक्छ । यस्तैयस्ता विरोधाभासहरू नै उसका मौलिक विशेषता भएका छन् ।

☐ एकदिन ऊ मकहाँ आयो अनपेक्षितरुपमा । भन्यो-
"मत्र म त बिहे गर्ने भएँ नि ! तँलाई थाहा छ ।"
... ...
मलाई लाग्यो एउटा अर्धपरिचित आवाज कतै परबाट आइरहेको छ ।
"केटी हेरेर आएँ ।"
... ...
अब म छाँगाबाट खसेको जस्तो भएँ ।

☐ र उसको बिहे भयो । अन्तै । पछि थाहा पाएँ- आफ्नी पूर्वप्रेमिकासँग उसले सम्झौता गरेको रहेछ, समझदारीको । क्रमशः दिनहरू बित्दै गए । समयका घाउहरू पुरिँदै गए । जिन्दगी एउटा नियमितताजस्तो बन्दैगयो बिस्तारैबिस्तारै ।

☐ मलाई लाग्यो- अब उसको जिन्दगी 'सेट' भयो । अझ मलाईभन्दा बढी त उसैलाई त्यस्तो लागेको थियोहोला । तर त्यसो भएन । र सायद त्यसो नभएको भए यो कथा पनि हुनेथिएन होला, एउटा सामान्य गफको विषयमात्र बन्थ्यो कि । एउटा गम्भीर दुर्घटना भयो उसको जिन्दगीमा ।

☐ एक दिन बस्तीभरि खबर फैलियो- ऊ मारियो ।
सबै स्तब्ध भए, मलाई पनि घोर आश्चर्य भयो ।
पत्रपत्रिकाहरूले विभिन्नखाले समाचारहरू लेखे ।
जसमध्ये यो विषयको समाचारले विशेष चर्चा पायो-

"सुरक्षाकर्मीको गोलीद्वारा एक आतङ्कारीको मृत्यु ।"

☐ हो मारिने कथित आतङ्ककारी ऊ अर्थात् मेरो मित्र थियो । तर यसलाई एउटा गम्भीर विडम्वना मान्नुपर्छ किनकि हामीले त मरणोपरान्त ऊ आतङ्ककारी भएको कुरा थाहा पायौँ तर आफू आतङ्कारी हुँ भन्ने कुरा मेरो मित्रले कहिल्यै थाहा पाउन पाएन, कहिल्यै-कहिल्यै थाहा पाउन पाएन... ... ... ।

सर्लाही, हरिभवन
हालः हेटौंडा